# महाबु गाउँपालिकाको आर्थिक विधेयक

## गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

**प्रस्तावनाः** गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम गाउँपालिकाको **"आर्थिक ऐन, २०८०"** रहेको छ ।

(२) यो ऐन २०८० साल श्रावण १ गतेदेखि गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पत्ति करः** गाउँपालिकाका क्षेत्रभित्र अनुसूची (१) बमोजिम घर कर लगाइने र असूल उपर गरिनेछ । सम्पत्ति करको हकमा कार्यविधि बनाई लागु गरिनेछ ।

३. **भूमि कर (मालपोत):** गाउँपालिका क्षेत्रभित्र अनुसूची (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, विद्यालय, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा **अनुसूची (३)** बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा **अनुसूची (४)** बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत **अनुसूची (५)** बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भई संचालनमा हुने अटो रिक्सा, ई रिक्सा जस्ता सवारी साधनमा अनुसूची (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।

८. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । सो को बाँडफाँड कानुन बमोजिम गरिनेछ ।

९. **मनोरन्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूची (८) बमोजिम मनोरञ्जन कर लगाइने र असुल उपर गरिनेछ । सो को बाँडफाँड कानुन बमोजिम गरिनेछ ।

१०. **बहाल बिटौरी शुल्कः** (१) गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका हाट बजार वा पसलमा अनुसूची (९) बमोजिम बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

(२) गाउँपालिका क्षेत्रभित्र कुनै पनि व्यक्ति आफैले निर्माण गरेका कानुन बमोजिम स्वामित्व प्राप्त नगरेका ऐलानी वा पर्ति जग्गामा बनेको संरचनाको लागि अनुसूची (९) बमोजिम बहाल बिटौरी शुल्क लगाईनेछ र असुल उपर गरिनेछ ।

(३) उपदफा (२) बमोजिम निर्माण भएको संरचनामा कुनै प्रकारको व्यापार व्यवसाय संचालन भएको रहेछ भने उपदफा (२) मा उल्लेख भएको बहाल बिटौरी शुल्कका अतिरिक्त अनुसूची (४) मा उलल्ख भएको व्यवसाय करको दर बमोजिम थप बहाल बिटौरी शुल्क लगाईनेछ र असुल उपर गरिनेछ ।

११. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **सेवा शुल्क, दस्तुरः** (१) गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट अनुसूची (११) मा व्यवस्था भए अनुसार सेवा शुल्क र दस्तुर लगाइने र असूल उपर गरिनेछ ।

१३. **पर्यटन शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र तोकिएको स्थानमा प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची (१२) मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।

१४. **ट्रेकिङ्ग, कोयोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिप फ्लायर शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कोयोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिप फ्लायर सेवा वा व्यवसाय संचालन गरे वापत अनुसूची (१३) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१५. **अन्य शुल्क तथा जरिवानाः** (१) यस ऐन र प्रचलित कानुन बमोजिमको कर समयमा नबुझाएमा वा गाउँपालिकाको नियम पालना नगरेमा अनुसूची (१४) मा उल्लेख भए बमोजिम जरिवाना असुल उपर गरिनेछ । साथै समयमै कर तथा राजश्व बुझाउने र अनुसूची (१४) मा उल्लेख भएबमोजिमको अवधिभित्र कर बुझाउने फर्म वा व्यक्तिलाई सोही अनुसूचीमा उल्लेख भए बमोजिम छूट तथा उचित पुरस्कारको व्यवस्था गरिनेछ ।

(२) यस गाउँपालिकाको मातहतमा रहेका साधन तथा श्रोतहरु भाडामा (बहाल) लगाउन सकिने छ । सोको सञ्चालन र भाडादर कार्यविधिमा उल्लेख भए बमोजिम हुनेछ ।

१६. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई यस ऐनमा उल्लेख भएको बाहेक कुनै पनि किसिमको कर छुट दिईने छैन । तर,
निम्न बमोजिमको व्यवसाय तथा सिफारिसमा भने छुट दिन बाधा पर्ने छैन ।

(१) अपाङ्ग तथा एकल महिलाले कुनै उद्योग व्यवसाय संचालन गर्न लागेमा लाग्ने दस्तुरमा ५०% छुट दिने ।

(२) सामुदायिक विद्यालयसंग सम्बन्धित सिफारिसमा ६०% छुट दिने ।

(३) नेपाल सरकारबाट अनुदानमा संञ्चालित स्वास्थ्य उपचारसंग सम्बन्धित सिफारिसमा लाग्ने दस्तुरमा पुरै छुट दिने।

(४) अपाङ्ग तथा ज्येष्ठ नागरिकसंग सम्बन्धित सामान्य सिफारिसमा लाग्ने दस्तुरमा पुरै छुट दिने ।

(५) कर छुट सम्बन्धी अन्य व्यवस्था अनुसूची (१४) बमोजिम हुनेछ ।

१७. **कर तथा सेवा शुल्क दस्तुर संकलन सम्बन्धी कार्यविधिः** (१) यो ऐनमा भएको व्यवस्था बमोजिम कर तथा सेवा शुल्क दस्तुर संकलन सम्बन्धी कार्यविधि बनाई लागु गरिनेछ ।

(२) भौतिक पुर्वाधार आर्थिक तथा सामाजिक विकासका कार्यक्रम संचालन गर्दा कार्यपालिकाले कार्यविधि बनाई लागु गर्न सक्नेछ।

१८. **विविध** :(१) यस ऐनमा उल्लेख भएको भन्दा अन्य प्रकृतिको दस्तुर, जरिवानाशुल्क , लिनुपर्ने भएमा महाबु गाउँ कार्यपालिकाले परिमार्जित गरी दस्तुर तोक्न तथा परिमार्जन गर्न सक्नेछ।

(२) यो ऐन तथा यस ऐनमा उल्लेख भएका अनुसूचीमा उल्लेख भएको कर दस्तुरमा अन्योल , भए महाबु गाउँ कार्यपालिकाले राजपत्रमा सूचना प्रकाशन गरी प्रष्ट्याउन सक्नेछ।

| राजश्व प्रशासन सम्बन्धी नीतिहरु | |
|---|---|
| क्र. सं. | विवरण |
| १ | राजश्व संकलन कार्यलाई थप प्रभावकारी बनाउन यसै आ.ब. २०८०।०८१ भित्र कर तथा राजश्व संकलन सम्बन्धी कार्यविधि बनाई लागु गरिनेछ । |
| २ | गाउँपालिका क्षेत्रमा दर्ता भई संचालन हुने अटो रिक्सा/ई रिक्सा जस्ता सवारी साधनहरुलाई व्यवस्थापन गर्न सवारी साधन दर्ता तथा नवीकरण कार्यविधि निर्माण गरी लागु गरिनेछ । |
| ३ | समयमै कर दाखिला गर्ने बानिको विकास गर्न पत्र पत्रिका, एफ.एम. तथा सार्वजनिक सूचना मार्फत कर बुझाउन सूचना जारी गर्ने नीति अवलम्बन गरिनेछ । |
| ४ | आन्तरिक राजश्व बृद्धिका लागि चालु आ.ब मै आन्तरिक राजश्व कार्यालय , घरेलु तथा साना उद्योग, बाणिज्य कार्यालय, यातायात ब्यवस्था कार्यालय, उद्योग बाणिज्य संघ सँग समन्वय गरी कुनै पनि व्यवसाय दर्ता, नवीकरण र खारेजी गर्दा यस कार्यालयको सिफारिशमा मात्र गर्नुपर्ने नीति अवलम्वन गरिनेछ । |
| ५ | गाउँपालिका र निजी क्षेत्र लगाएत अन्य लगानिकर्ताबाट संयुक्त रुपमा सञ्चालित कार्यक्रमहरुमा सेवा दिए बापत कर उठाउदा निजी, सार्वजनिक, साझेदारी (PPP) मोडेल मार्फत अवलम्बन गर्ने नीति लिइनेछ । |

**अनुसुची १**

**दफा २ संग सम्बन्धित**

**एकीकृत सम्पत्ति कर**

| क्र.स | राजश्व संकेत नं | करयोग्य सम्पत्तिको मुल्याकन | | करको दर |
|---|---|---|---|---|
| | | देखि | सम्म | |
| १ | ११३१३ | १ | ५ लाख | प्रति लाख रु १० |
| २ | ११३१३ | ५ लाख १ | १५ लाख | प्रति लाख रु १५ |
| ३ | ११३१३ | १५ लाख १ | २५ लाख | प्रति लाखमा रु २० |
| ४ | ११३१३ | २५ लाख १ | ४० लाख | प्रति लाखमा रु २५ |
| ५ | ११३१३ | ४० लाख १ | ६० लाख | प्रति लाखमा रु ३० |
| ६ | ११३१३ | ६० लाख १ | ८० लाख | प्रति लाखमा रु ३५ |
| ७ | ११३१३ | ८० लाख १ | १ करोड | प्रति लाखमा रु ४० |
| ८ | ११३१३ | १ करोड १ | १ करोड ५० लाख | प्रति लाखमा रु ४५ |
| ९ | ११३१३ | १ करोड ५० लाख भन्दा माथि | | प्रति लाखमा रु ५० |

**घरको मुल्याङ्कनको आधार**

| क स | घरको किसिम | दर |
|---|---|---|
| १ | पक्की ढलान | प्रति वर्ग फुट १६०० |
| २ | पक्की टीन पथ्थर | प्रति वर्ग फुट १००० |
| ३ | कच्ची टीन पथ्थर | प्रति वर्ग फुट १०० |
| ४ | कच्ची फुसको | प्रति वर्ग फुट ५० |

**जग्गाको मुल्याङ्कनको आधार**

मालपोत कार्यालय दैलेखले निर्धारण गरे बमोजिम हुनेछ ।

## अनुसुची २
## दफा ३ संग सम्बन्धित
## भुमि कर (मालपोत)

| क.स | राजश्व संकेत नं | करयोग्य सम्पत्तिको मुल्याकन | | करको दर |
|---|---|---|---|---|
| | | देखि | सम्म | |
| १ | ११३१४ | १ | ५ लाख | प्रति लाख रु १० |
| २ | ११३१४ | ५ लाख १ | १५ लाख | प्रति लाख रु १५ |
| ३ | ११३१४ | १५ लाख १ | २५ लाख | प्रति लाखमा रु २० |
| ४ | ११३१४ | २५ लाख १ | ४० लाख | प्रति लाखमा रु २५ |
| ५ | ११३१४ | ४० लाख १ | ६० लाख | प्रति लाखमा रु ३० |
| ६ | ११३१४ | ६० लाख १ | ८० लाख | प्रति लाखमा रु ३५ |
| ७ | ११३१४ | ८० लाख १ | १ करोड | प्रति लाखमा रु ४० |
| ८ | ११३१४ | १ करोड १ | १ करोड ५० लाख | प्रति लाखमा रु ४५ |
| ९ | ११३१४ | १ करोड ५० लाख भन्दा माथि | | प्रति लाखमा रु ५० |

## अनुसूची-३
## दफा ४ संग सम्बन्धित
## घर जग्गा बहाल कर

| क.सं. | राजश्व सकेत | विवरण | करको दर |
|---|---|---|---|
| १ | ११३२१ | गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, विद्यालय, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक रुपमा बहाल दिएकोमा बहाल कर | बहाल रकमको १० प्रतिशत |

अनुसूची ४

दफा ५ संग सम्बन्धित

व्यवसाय कर(२०८०।०८१)

| क्र.सं. | राजश्व सकेत | विवरण | कर रकम | |
|---|---|---|---|---|
| १ | १४६११ | होटल/लज/रेष्टुरेन्ट/खाजा/नास्ता पसल/मिठाई पसल | दर्ता | नविकरण |
| १.१ | १४६११ | ५ कोठा वा ५ कोठा भन्दा कम भएको होटलको | १००० | ५०० |
| १.२ | १४६११ | ५ कोठा देखि माथि भएको होटलको | १५०० | ७०० |
| १.३ | १४६११ | २० कोठा भन्दा माथि जति कोठा भएपनि | ७५०० | १००० |
| १.४ | १४६११ | मदिरा भएको रेष्टुरेन्ट तथा खाजा घर बार्षिक | ६००० | ३००० |
| १.५ | १४६११ | मदिरा नभएको रेष्टुरेन्ट तथा खाजा घर बार्षिक | ५०० | २०० |
| १.६ | १४६११ | सामान्य खाजा/नास्ता/चिया/कफी पसल | ५०० | २०० |
| २ | १४६११ | उद्योग व्यवसाय | | |
| २.१ | १४६११ | काठ चिर्ने बेच्ने समिल/प्लाईउड उद्योग | १५०० | ८०० |
| २.२ | १४६११ | आधुनिक सेलर राईस प्लान्ट राखी चामल, दाल, पीठो पिसानी र पेलानी समेत भएको जुनसुकै मिल | १००० | ५०० |
| २.२ | १४६११ | साबुन उद्योग | १५०० | ८०० |
| ३ | १४६११ | माछा मासु तथा अण्डा बिक्रेता | | |
| ३.१ | १४६११ | खसी/कुखुरा/बंगुर/सुगुर/राँगा/माछा आदिको मासु तथा अण्डा बिक्रेता | ५०० | ३०० |
| ४ | १४६११ | फलफुल तथा तरकारी पसल | | |
| ४.१ | १४६११ | फलफुल तथा तरकारीको थोक बिक्रेता | १००० | ५०० |
| ४.२ | १४६११ | फलफुल तथा तरकारीको खुद्रा बिक्रेता | ५०० | ३०० |
| ५ | १४६११ | सुन चाँदी पसल | | |
| ५.१ | १४६११ | सुन चाँदी लगायत बहुमुल्य गहना बिक्रेता | २००० | १००० |
| ५.२ | १४६११ | सुन चाँदीको गर गहना मर्मत पसल | १००० | ५०० |
| ६ | १४६११ | औषधी उपचार जन्य | | |
| ६.१ | १४६११ | औषधीको थोक बिक्रेता | ५००० | २००० |
| ६.२ | १४६११ | औषधीको खुद्रा बिक्रेता (आयुर्वेद समेत) | १००० | ७०० |
| ६.३ | १४६११ | सामान्य जाँच वा ल्याब सहितको औषधी पसल | १००० | ७०० |
| ६.४ | १४६११ | सामान्य जाँच सहितको चस्मा पसल | ५०० | २०० |
| ६.५ | १४६११ | डेण्टल क्लिनिक | ५०० | २०० |

| | | | | |
|---|---|---|---|---|
| ६.६ | १४६११ | सामान्य एग्रोभेट पसल | ५०० | २०० |
| ७ | १४६११ | **ईन्स्टिच्युट/प्रतिष्ठान/तालिम केन्द्र** | | |
| ७.१ | १४६११ | फोटोकपी तथा ईमेल ईन्टरनेट पसल | ५०० | ३०० |
| ७.२ | १४६११ | निजी क्षेत्रका क्याम्पस कलेज | १०००० | ३००० |
| ७.३ | १४६११ | निजी क्षेत्रका माध्यमिक विद्यालय (कक्षा ९-१२) | ८००० | २५०० |
| ७.४ | १४६११ | निजी क्षेत्रका आधारभुत विद्यालय (कक्षा १-८) | ६००० | १५०० |
| ७.५ | १४६११ | निजी क्षेत्रका आधारभुत विद्यालय (कक्षा १-५) | ५००० | १२०० |
| ७.६ | १४६११ | निजी क्षेत्रका अन्य मन्टेश्वरी तथा पुर्व आधारभुत विद्यालय | ३००० | १००० |
| ७.७ | १४६११ | सिटीभिटी तथा विश्वविद्यालयबाट स्वीकृत प्राविधिक शिक्षालय | २५०० | १००० |
| ७.८ | १४६११ | सिटीभिटी तथा विश्वविद्यालयबाट स्वीकृत साधारण शिक्षालय | २००० | ८०० |
| ८ | १४६११ | **मदिराजन्य तथा सुर्तीजन्य पसल** | | |
| ८.१ | १४६११ | मदिराजन्य पदार्थको खुद्रा बिक्रेता | ८००० | ४५०० |
| ८.२ | १४६११ | पान तथा सुर्तिजन्य पसल | १००० | ५०० |
| ९ | १४६११ | **सिलाई/टेलरिङ्ग तथा कपडा धुलाई** | | |
| ९.१ | १४६११ | ३ वटा सम्म सिलाई मेसिन भएको टेलरिङ पसल | ४०० | २०० |
| ९.२ | १४६११ | ५ वटा सम्म सिलाई मेसिन भएको टेलरिङ पसल | ८०० | ३०० |
| ९.३ | १४६११ | ८ वटा सम्म सिलाई मेसिन भएको टेलरिङ पसल | १००० | ४०० |
| ९.४ | १४६११ | ८ भन्दा बढी सिलाई मेसिन भएको टेलरिङ पसल | १२०० | ५०० |
| ९.५ | १४६११ | सिलाई प्रशिक्षण केन्द्र भएको अवस्थामा थप | ५०० | २०० |
| १० | १४६११ | **सैलुन/ब्युटीपार्लर/कस्मेटिक पसल** | | |
| १०.१ | १४६११ | ३ वटा सम्म सिट भएको सैलुन/ब्युटीपार्लर/कस्मेटिक पसल | ५०० | २०० |
| १०.२ | १४६११ | ३ वटा भन्दा बढी सिट भएको सैलुन/ब्युटीपार्लर/कस्मेटिक पसल | ७०० | ३०० |
| १०.३ | १४६११ | कस्मेटिक खुद्रा बिक्रेता | ६०० | २५० |
| ११ | १४६११ | **ईलेक्ट्रोनिक/हार्डवेयर/मोबाईल पसल/भाँडा पसल** | | |
| ११.१ | १४६११ | इलेक्ट्रोनिक खुद्रा पसल | ५०० | ३०० |
| ११.२ | १४६११ | इलेक्ट्रोनिक खुद्रा पसल/बिजुलीको सामान खुद्रा पसल/मोबाईल खुद्रा/कम्प्यूटर खुद्रा बिक्रेता | १५०० | ८०० |
| ११.३ | १४६११ | बिजुली पसलको थोक बिक्रेता/कम्प्यूटर तथा पार्टस थोक बिक्रेता | २५०० | १२०० |
| ११.४ | १४६११ | घडी रेडियो पसल तथा सामान्य इलेक्ट्रोनिक मर्मत | ८०० | ४०० |
| ११.५ | १४६११ | ठुला हार्डवेयर पसल | ४५०० | २५०० |

| | | | | |
|---|---|---|---|---|
| ११.६ | १४६११ | साना हार्डवेयर पसल | २००० | १००० |
| ११.७ | १४६११ | भाँडा वर्तनको थोक विक्रेता | १५०० | ८०० |
| ११.८ | १४६११ | भाँडाको खुद्रा बिक्रेता | १००० | ५०० |
| ११.९ | १४६११ | नोटः माथि उल्लेखित पसलमा मर्मत केन्द्र जोडिएको लाई थप | २०० | |
| १२ | १४६११ | निर्माण व्यवसायी/यातायात व्यवसायी/ढुवानी तथा ट्रान्सपोर्ट व्यवसायी/क्रसर उद्योग | | |
| १२.१ | १४६११ | ग बर्गको प्रधान कार्यालय भएको निर्माण व्यवसायी | ३५००० | १५००० |
| १२.२ | १४६११ | घ बर्गको प्रधान कार्यालय भएको निर्माण व्यवसायी | ३०००० | ५००० |
| १२.३ | १४६११ | ग बर्गको स्थानीय कार्यालय भएको निर्माण व्यवसायी | ११००० | ५००० |
| १२.४ | १४६११ | घ बर्गको स्थानीय कार्यालय भएको निर्माण व्यवसायी | ३००० | |
| १२.५ | १४६११ | प्रधान कार्यालय भएको यातायात व्यवसायी | ३००० | १२०० |
| १२.६ | १४६११ | शाखा कार्यालय भएको यातायात व्यवसायी | २५०० | १३०० |
| १२.७ | १४६११ | साना जीप टेम्पो अटोको स्थानीय कार्यालय भएको व्यवसायी | २००० | १००० |
| १२.८ | १४६११ | क्रसर उद्योग (स्थायी) | १००००० | ५०००० |
| १२.९ | १४६११ | क्रसर उद्योग (अस्थायी) | ५०००० | २५००० |
| १३ | १४६११ | सेवा तथा परामर्श सम्बन्धी | | |
| १३.१ | १४६११ | सामान्य लेखापढी व्यवसायी | ८०० | ३०० |
| १३.२ | १४६११ | क श्रेणीको लेखापरीक्षण व्यवसाय | ५००० | २५०० |
| १३.३ | १४६११ | ख श्रेणीको लेखापरीक्षण व्यवसाय | ३००० | १५०० |
| १३.४ | १४६११ | ग र घ श्रेणीको लेखापरीक्षण व्यवसाय | २५०० | १२०० |
| १३.५ | १४६११ | कन्सल्टेन्सी/ईन्जिनियर/प्राविधिक सेवा व्यवसाय | १०००० | ५५०० |
| १३.६ | १४६११ | टेन्ट हाउस तथा साउण्ड सिस्टम र डिजे भएको पसल | ३५०० | १५०० |
| १३.७ | १४६११ | माईक/बिजुली डेकोरेसन/बैण्ड बाजा पसल | १८०० | ८०० |
| १३.८ | १४६११ | सटरिङ तथा फर्मा | १००० | ५०० |
| १४ | १४६११ | बैङ्क तथा वित्तीय संघ संस्था/गैरसरकारी संस्था | | |
| १४.१ | १४६११ | बाणिज्य बैङ्क क वर्ग | ५००० | २५०० |
| १४.२ | १४६११ | विकास बैङ्क ख वर्ग | ३००० | १५०० |
| १४.३ | १४६११ | वित्त तथा फाईनान्स कम्पनी ग वर्ग | ३००० | १५०० |
| १४.४ | १४६११ | लघुवित्त कम्पनी घ वर्ग | २००० | १००० |
| १४.५ | १४६११ | गाउँपालिका कार्य क्षेत्र भएको सहकारी संस्था | १००० | ५०० |
| १४.६ | १४६११ | विदेशी मुद्रा सटही काउन्टर तथा मनिट्रान्सफर | ८०० | ३०० |

| | | | | |
|---|---|---|---|---|
| १४.७ | १४६११ | अन्तराष्ट्रिय गैरसरकारी संस्था | ३००० | १५०० |
| १४.८ | १४६११ | राष्ट्रिय गैरसरकारी संस्था | २००० | १००० |
| १४.९ | १४६११ | एफ.एम.रेडियो | २५०० | १५०० |
| **१५** | **१४६११** | **जुत्ता/चप्पल/कपडा तथा फेन्सी पसल** | | |
| १५.१ | १४६११ | जुत्ता तथा चप्पलको खुद्रा बिक्रेता/फेन्सी खुद्रा बिक्रेता/थान कपडा खुद्रा बिक्रेता | १००० | ५०० |
| **१६** | **१४६११** | **सवारी साधन/सवारी साधनको पार्ट्स/मेसिनरी सामान बिक्री तथा मर्मत** | | |
| १६.१० | १४६११ | हेभी गाडी तथा मेसिनरी मर्मत | ५००० | २५०० |
| १६.२० | १४६११ | लाईट गाडी तथा अन्य सवारी साधन सर्भिसिङ तथा मर्मत | २५०० | १००० |
| १६.३० | १४६११ | मोटरसाइकल मर्मत पसल | १००० | ५०० |
| **१७** | **१४६११** | **पेट्रोलियम पदार्थ/स्टेशनरी तथा पुस्तक/खाद्यान्न तथा अन्य पसल व्यवसाय** | | |
| १७.१ | १४६११ | कोल्ड ड्रिङसको खुद्रा बिक्रेता | १००० | ५०० |
| १७.२ | १४६११ | पेट्रोल पम्प आधिकारिक विक्रेता | २५०० | १५०० |
| १७.३ | १४६११ | स्टेशनरी तथा पुस्तकको खुद्रा बिक्रेता | १००० | ५०० |
| १७.४ | १४६११ | स्टेशनरी तथा पुस्तकको खुद्रा बिक्रेता/घ्यू तथा तेलजन्य पदार्थ सप्लायर्स/अन्य खुद्रा किराना पसल | १५०० | ७०० |
| १७.५ | १४६११ | खाद्यान्न पदार्थ/अन्य किराना पसल तथा खुद्रा किराना पसल | १००० | ५०० |
| १७.६ | १४६११ | घुम्ती पसल | २५० | १०० |
| **१८** | **१४६११** | **छापाखाना/अफसेट/प्रिन्टिङ प्रेस/कलर ल्याब/फोटो स्टुडियो** | | |
| १८.१ | १४६११ | फ्लेक्स मेसिन भएको फ्लेक्स प्रेस | ९०० | ४०० |
| १८.२ | १४६११ | हस्त लेखन भएको व्यानर पसल | ४०० | २०० |
| १८.३ | १४६११ | फोटो स्टुडियो | १००० | ५०० |
| १९ | १४६११ | रिटोटलिङ व्यवसायी (सबै प्रकारको व्यवसायी/सेवा प्रदायक) | १००० | ५०० |
| **२०** | **१४६११** | **कृषि फर्म तथा पशु आहार उद्योग** | | |
| २०.१ | १४६११ | पशु आहार उद्योग /दाना उद्योग | २००० | १००० |
| २०.२ | १४६११ | पशु आहार विक्रि केन्द्र | १५०० | ७०० |
| २०.३ | १४६११ | गाई भैसी फर्म | १५०० | ७०० |
| २०.४ | १४६११ | बङगुर फर्म, भेडा बाखा फर्म | १००० | ५०० |
| २०.५ | १४६११ | विभिन्न किसिमका कृषि फर्म | १००० | ५०० |
| २१ | १४६११ | फुल, विरुवा विक्रि पसल (नर्सरी) | १००० | ५०० |
| **२२** | **१४६११** | **घरेलु उद्योग** | | |

| | | | | |
|---|---|---|---|---|
| २२.१ | १४६११ | अगरबत्ति उद्योग | ५०० | ३०० |
| २२.२ | १४६११ | मैनबत्ति उद्योग | ५०० | ३०० |
| २२.३ | १४६११ | टिका उद्योग | ५०० | ३०० |
| २२.४ | १४६११ | अचार उद्योग | ५०० | ३०० |
| २२.५ | १४६११ | दुनाटपरी उद्योग | ५०० | ३०० |
| २२.६ | १४६११ | मुढा उद्योग | ५०० | ३०० |
| २२.७ | १४६११ | ढाका कपडा उद्योग | ५०० | ३०० |
| २२.८ | १४६११ | दालमोड उद्योग | ५०० | ३०० |
| २२.९ | १४६११ | अल्लो प्रशोधन उद्योग | ५०० | ३०० |

**अनुसूची ५**

**दफा ६ संग सम्बन्धित**

**जडीबुटी, कबाडी र जीबजन्तु कर**

| क्र.सं. | राजश्व सकेत | विवरण | रकम रु. |
|---|---|---|---|
| १ | ११६३२ | जडीबुटी, कवाडी र जीवजन्तु कर साना व्यवसाय (बार्षिक तीन लाख सम्म कारोबार भएको) | ५०० |
| २ | ११६३२ | जडीबुटी, कवाडी र जीवजन्तु कर ठुलो व्यवसाय (बार्षिक तीन लाख भन्दा बढी कारोबार भएको) | १००० |
| ३ | ११६३२ | खोटो निकासी दस्तुर (प्रति केजी १) | १ |

**अनुसूची-६**

**दफा ७ संग सम्बन्धित**

**सवारी साधन कर**

| क्र.सं. | राजश्व सकेत | विवरण | रकम रु. |
|---|---|---|---|
| १ | ११४५१ | अटो रिक्सा ई रिक्सा दर्ता दस्तुर | ५०० |
| २ | ११४५१ | अटो रिक्सा ई रिक्सा नवीकरण दस्तुर | २५० |

## अनुसूची-७
## दफा ८ संग सम्बन्धित
## विज्ञापन कर(२०७८।०७९)

| क्र.सं. | राजश्व सकेत | विवरण | रकम रु. |
|---|---|---|---|
| १ | १४६११ | होर्डिंग वोर्ड, फ्लेक्स वोर्ड प्रति वर्ग फिट | ८५ |
| २ | १४६११ | ग्लो साइनवोर्ड, नियोन साइनवोर्ड, विधुतीय वोर्डहरु प्रति वर्ग फिट | १५० |
| ३ | १४६११ | भित्ते लेखन, सटर पेन्टिंग प्रति वर्ग फिट | १० |
| ४ | १४६११ | स्टल, गेट (चांडपर्व, मेला महोत्सव) दैनिक | ३५० |
| ५ | १४६११ | वेलुन, व्यानर प्रति हप्ता | ३०० |
| ६ | १४६११ | ब्यबसायीक दृष्टीले गाडी बाट माईकिंग गर्दा प्रतिदिन | २०० |
| ७ | १४६११ | ब्यबसायीक दृष्टीले रिक्सा टांगा र टेम्पो बाट प्रतिदीन | १०० |
| ८ | १४६११ | मादक पदार्थ एबं धुम्रपानको बिज्ञापनमा | २५% थप |
| | नोटः निजी वा सार्वजनिक स्थानमा होर्डिड. वोर्ड राख्दा यस गाउँपालिकाको पूर्व स्वीकृति लिई राख्नुपर्नेछ । | | |

## अनुसूची-८
## दफा ९ संग सम्बन्धित
## मनोरञ्जन कर

| क्र.सं. | राजश्व सकेत | विवरण | रकम रु. |
|---|---|---|---|
| १ | १४२१९ | केवुल नेटवर्क सर्भिस | १००० |
| २ | १४२१९ | सर्कस तथा खेल तमासा, रमाईलो मेला/जात्रा | ५०० |
| २.१ | १४२१९ | दैनिक (रमाईलो मेला तथा सर्कस/तमासा/जात्रा) | १००० |

**अनुसूची-९**

**दफा १० संग सम्बन्धित**

**बहाल बिटौरी शुल्क**

| **क.सं.** | **राजश्व सकेत** | **विवरण** | **रकम रु.** |
|---|---|---|---|
| **१** | **११३२२** | **गाउँपालिका क्षेत्रभित्र निर्माण भएको कानुन बमोजिम स्वामित्व प्राप्त नगरेको ऐलानी वा पर्ति जग्गामा निर्माण भएको संरचनाको प्रति संरचना** | |
| १.१ | **११३२२** | पक्की ढलान | ५०० |
| १.२ | **११३२२** | पक्की टीन/पत्थर | ३०० |
| १.३ | **११३२२** | कच्ची टीन/पत्थर/खर | १५० |
| २ | **११३२२** | गाउँपालिका क्षेत्रभित्र रहेका कानुन बमोजिम स्वामित्व प्राप्त नगरेको ऐलानी वा पर्ति जग्गामा प्रति रोपनी बहाल विटौरी शुल्क बार्षिक | **५०** |
| **३** | **११३२२** | गाउँपालिका क्षेत्रभित्र विभिन्न चाडपर्वहरुमा पसल राख्ने व्यावसायीलाई प्रतिदिन बहाल बिटौरी शुल्क | **१००** |

**अनुसूची १०**

**दफा ११ संग सम्बन्धित**

**पार्किङ्ग शुल्क**

| **क.सं.** | **राजश्व सकेत** | **विवरण** | **रकम रु.** |
|---|---|---|---|
| १ | १४२४१ | मोटरसाइकल | १० |
| २ | १४२४१ | साइकल | ५ |
| ३ | १४२४१ | आटो रिक्सा/ई रिक्सा | १५ |
| ४ | १४२४१ | जिप/कार/ट्र्याक्टर | २० |
| ५ | १४२४१ | बस, ट्रक | ३० |

## अनुसूची-११
## दफा १२ संग सम्बन्धित

## सेवा, शुल्क, दस्तुर
## अन्य सेवा शुल्क तथा विक्रि १४२१९

| न्यायिक दस्तुर १४२२१ | | | |
|---|---|---|---|
| क स | राजश्व संकेत | विवरण | शुल्क |
| १ | १४२२१ | निवेदन शुल्क (न्यायिक समिति) | १०० |
| २ | १४२२१ | निवेदन शुल्क (वडा कार्यालय) | ५० |
| ३ | १४२२१ | प्रति उत्तर पत्र | १०० |
| ४ | १४२२१ | मिलापत्र गराए बापत पक्ष र विपक्ष दुबै बाट मिलापत्र शुल्क (प्रत्येक पक्ष बाट अलग अलग) | २५० |
| ५ | १४२२१ | वडा कार्यालयमा मिलापत्र गराए बापत पक्ष र विपक्ष दुबै बाट मिलापत्र शुल्क प्रत्येक पक्ष ) (बाट अलग अलग | १०० |
| शिक्षा क्षेत्रको आम्दानी १४२२३ | | | |
| क स | राजश्व संकेत | विवरण | शुल्क |
| १ | १४२२३ | प्रति ग्रेडसिट सच्चाएको आधारभुत तह कक्षा ८ | ५०० |
| २ | १४२२३ | प्रति ग्रेडसिट सच्चाएको आधारभुत तह कक्षा ८ (नतिजा प्रकाशन भएको ३५ दिन भित्र ) | निशुल्क |
| ३ | १४२२३ | शिक्षक सरुवा सहमति अन्तरपालिका (प्रा वि) | २००० |
| ४ | १४२२३ | शिक्षक सरुवा सहमति अन्तरपालिका (निमावि) | ३००० |
| ५ | १४२२३ | शिक्षक सरुवा सहमति अन्तरपालिका (मा वि) | ४००० |
| ६ | १४२२३ | शिक्षक सरुवा सहमति अन्तरजिल्ला (प्रा वि) | ३००० |
| ७ | १४२२३ | शिक्षक सरुवा सहमति अन्तरजिल्ला (निमा वि) | ४००० |
| ८ | १४२२३ | शिक्षक सरुवा सहमति अन्तरजिल्ला (मा वि) | ५००० |
| ९ | १४२२३ | शिक्षक सरुवा सहमति पालिका भित्र (प्रा वि) | १००० |
| १० | १४२२३ | शिक्षक सरुवा सहमति पालिका भित्र (निमा वि) | १५०० |
| ११ | १४२२३ | शिक्षक सरुवा सहमति पालिका भित्र (मा वि) | २००० |
| १२ | १४२२३ | शिक्षकको नियुक्ति समर्थन अभिलेख ( बालशिक्षा सहजकर्ता र विद्यालय कर्मचारी) | ५०० |
| १३ | १४२२३ | शिक्षकको नियुक्ति समर्थन अभिलेख (प्रावि शिक्षक) | १००० |
| १४ | १४२२३ | शिक्षकको नियुक्ति समर्थन अभिलेख (निमावि शिक्षक) | १२०० |
| १५ | १४२२३ | शिक्षकको नियुक्ति समर्थन अभिलेख (मावि | १५०० |

| | | | |
|---|---|---|---|
| | | शिक्षक) | |
| १६ | १४२२३ | पूर्व प्राथमिक विद्यालय स्वीकृत दिए वापत | ५००० |
| १७ | १४२२३ | एक देखि पाँच कक्षा सम्मको आधारभुत विद्यालय स्वीकृत | १०००० |
| १८ | १४२२३ | एक देखि आठ कक्षा सम्मको आधारभुत विद्यालय स्वीकृत | १५००० |
| १९ | १४२२३ | माध्यमिक विद्यालय स्वीकृत | २०००० |
| २० | १४२२३ | एक देखि पाँच कक्षा सम्मको आधारभुत विद्यालय कक्षा थप स्वीकृत | १००० |
| २१ | १४२२३ | एक देखि आठ कक्षा सम्मको आधारभुत विद्यालय कक्षा थप स्वीकृत | २००० |
| २२ | १४२२३ | कक्षा थप स्वीकृत माध्यमिक विद्यालय | ३००० |
| २३ | १४२२३ | विद्यालय लेखापरीक्षक सुचिकृत शुल्क | १००० |
| २४ | १४२२३ | विज्ञ सुचीमा सुचिकृत शुल्क | ५०० |
| **परीक्षा शुल्क १४२२४** | | | |
| १ | १४२२४ | अधिकृत स्तर | १२०० |
| २ | १४२२४ | सहायक स्तर पाचौं | ७०० |
| ३ | १४२२४ | सहायक स्तर चौथो | ५०० |
| ४ | १४२२४ | श्रेणी विहिन | ३०० |
| **अन्य प्रशासनिक सेवा शुल्क १४२२९** | | | |
| १ | १४२२९ | व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपी | १०० |
| २ | १४२२९ | कृषि तथा पशु समुह दर्ता | ५०० |
| ३ | १४२२९ | कृषि तथा पशु समुह नविकरण | २५० |
| ४ | १४२२९ | मुहान दर्ता | १००० |
| ५ | १४२२९ | कार्यालय प्रयोजन बाहेक योजनाको प्राविधिक इस्टमेट | २०० |
| ६ | १४२२९ | काठ चिर्ने हाते मेशिन (इलेक्ट्रोनिक) अनुमति | १००० |
| ७ | १४२२९ | युवा क्लब दर्ता/टोल विकास संस्था दर्ता | ५०० |
| ८ | १४२२९ | गाउँपालिका अन्तर्गतको हल भाडा (पालिका स्तरिय कार्यक्रम) | १००० |
| ९ | १४२२९ | गाउँपालिका अन्तर्गतको हल भाडा (अन्य) | १५०० |
| १० | १४२२९ | प्रोजेक्टर भाडा प्रतिदिन | २०० |
| ११ | १४२२९ | जेनेरेटर भाडा प्रतिदिन (इन्धन बाहेक) | ३०० |
| १२ | १४२२९ | स्पिकर भाडा प्रतिदिन | २०० |
| १३ | १४२२९ | अमिन सेवा शुल्क प्रति कित्ता १ रोपनी सम्म | १००० |
| १४ | १४२२९ | अमिन सेवा शुल्क २ देखि १० रोपनी सम्म | २५०० |
| १५ | १४२२९ | अमिन सेवा शुल्क १० रोपनी भन्दा माथि | ३००० |
| १६ | १४२२९ | माटो परीक्षण शुल्क | १०० |

| | | | |
|---|---|---|---|
| १७ | १४२२९ | पानी परीक्षण शुल्क | १०० |
| १८ | १४२२९ | रोगकिरा नमुना परीक्षण शुल्क | ५० |
| **एम्बुलेन्स भाडादर (इन्धन सहित)** | | | |
| १ | १४२२९ | सबै स्वास्थ्य चौकि देखि महाबु अस्पताल सम्म | १५०० |
| २ | १४२२९ | गैडाबाज बजार आसपास देखि महाबु अस्पताल | १००० |
| ३ | १४२२९ | टाकुरी देखि महाबु अस्पताल | २५०० |
| ४ | १४२२९ | गोर्ति देखि महाबु अस्पताल | २५०० |
| ५ | १४२२९ | बासि वडा कार्यालय र रिठा देखि जिल्ला अस्पताल | ४००० |
| ६ | १४२२९ | बासि सुवाकोट देखि जिल्ला अस्पताल | ४५०० |
| ७ | १४२२९ | गिताचौर देखि जिल्ला अस्पताल | ४५०० |
| ८ | १४२२९ | बडाखोला ऐराडी देखि जिल्ला अस्पताल | ३००० |
| ९ | १४२२९ | बडाखोला डुङ्ग्री देखि जिल्ला अस्पताल | २५०० |
| १० | १४२२९ | खरिगैरा देखि जिल्ला अस्पताल | ३००० |
| ११ | १४२२९ | गैडाबाज देखि जिल्ला अस्पताल | ४५०० |
| १२ | १४२२९ | काप्रिखोला देखि जिल्ला अस्पताल | ५००० |
| १३ | १४२२९ | काशिकाँध देखि जिल्ला अस्पताल | ६००० |
| १४ | १४२२९ | रानीवन सिमलडाँडा देखि जिल्ला अस्पताल | ५००० |
| १५ | १४२२९ | टाकुरी देखि जिल्ला अस्पताल | ६००० |
| १६ | १४२२९ | महाबु गाउँपालिका देखि सुर्खेत | ९००० |
| १७ | १४२२९ | महाबु गाउँपालिका देखि नेपालगञ्ज | १३००० |
| १८ | १४२२९ | महाबु गाउँपालिका देखि बुटवल | १७००० |
| १९ | १४२२९ | महाबु गाँउपालिका देखि काठमाण्डौ | २५००० |
| २० | १४२२९ | माटो परीक्षण शुल्क | १०० |
| **पशुपंक्षी उपचारको लागी नाम दर्ता शुल्क** | | | |
| १ | १४२२९ | पंक्षी जातहरु कुखुरा ,हाँस प्रति गोटा | १।- |
| २ | १४२२९ | भेडा , बाख्रा प्रती जीउ | ५।- |
| ३ | १४२२९ | गाइ,गोरु/ रांगा,भैसी प्रति जीउ | १०।- |
| ४ | १४२२९ | कुकुर / विरालो प्रति जीउ | २०।- |
| ५ | १४२२९ | घोडा/ खच्चर प्रति जीउ | ३०।- |
| ६ | १४२२९ | सुंगुर /बंगुर प्रति जिउ | १०।- |
| **प्रयोगशाला सेवा शुल्क** | | | |
| १ | १४२२९ | गोबर परीक्षण | १०।- |
| २ | १४२२९ | थुनेलो परीक्षण | ३०।- |
| **पोष्टमार्टम सेवा शुल्क** | | | |
| १ | १४२२९ | पंक्षीजन्य प्रति जिउ | ४०।- |
| २ | १४२२९ | पशु तर्फ साना चौपाय | १००।- |
| ३ | १४२२९ | पशु तर्फ ठुला चौपाय | १५०।- |

| | | | |
|---|---|---|---|
| **कृत्रिम गर्भाधान तथा बन्ध्याकरण सेवा शुल्क** | | | |
| १ | १४२२९ | कृत्रिम गर्भाधान शुल्क गाइ / भैसी / बाख्रा | २५०।- |
| २ | १४२२९ | पशु बन्धयाकरण साना चौपाय | १५।- |
| ३ | १४२२९ | पशु बन्धयाकरण ठुला चौपाय | २५।- |
| ४ | १४२२९ | पशु बन्धयाकरण सुंगुर/ बंगुर | २५।- |
| **खोप सेवा शुल्क** | | | |
| १ | १४२२९ | भ्यागुते/ चरचरे/ पट्के प्रति जिउ | निःशुल्क। |
| २ | १४२२९ | लम्फी स्किन प्रति जीउ | निःशुल्क। |
| **स्वास्थ्य सेवा परिक्षण** | | | |
| १ | १४२२९ | साना पशु प्रति जीउ | २५।- |
| २ | १४२२९ | ठुला पशु प्रति जीउ | ५०।- |
| ३ | १४२२९ | रेविज खोप प्रति जीउ | १२५।- |
| <u>नक्सा पास दस्तुर १४२४२</u> | | | |
| १ | १४२४२ | RCC पक्की भवन नक्सापास दस्तुर व्यापारिक प्रयोजन प्रति वर्ग फिट | १० |
| २ | १४२४२ | RCC पक्की भवन नक्सापास दस्तुर आवास प्रयोजन प्रति वर्ग फिट | ७ |
| ३ | १४२४२ | ट्रस्ट मोडेल भवन नक्सापास दस्तुर व्यापारिक प्रयोजन प्रति वर्ग फिट | ६ |
| ४ | १४२४२ | ट्रस्ट मोडेल भवन नक्सापास दस्तुर अन्य प्रयोजन प्रति वर्ग फिट | ५ |
| ५ | १४२४२ | घर अभिलेखीकरण शुल्क पक्की घर | २५०० |
| ६ | १४२४२ | घर अभिलेखीकरण शुल्क अर्धपक्की टिन पत्थर घर | १००० |
| ७ | १४२४२ | घर अभिलेखीकरण शुल्क कच्ची घर | २५० |
| ८ | १४२४२ | नक्सा प्रतिलिपि प्रति थान | १०० |
| ९ | १४२४२ | नक्सा नामसारी दस्तुर | ५०० |
| १० | १४२४२ | नामसारी, ठाउँसारी व्यापार), ब्यावसाय( | १००० |
| ११ | १४२४२ | नक्सा पास किताव दस्तुर | १००० |
| **सिफारिस दस्तुर (१४२४३)** | | | |
| १ | १४२४३ | नागरिकता सिफारिस | १०० |
| २ | १४२४३ | नागरिकता प्रतिलिपी सिफारिस | १५० |
| ३ | १४२४३ | नागरिकता सिफारिस (बैबाहिक अङ्गिकृत) | ५०० |
| ४ | १४२४३ | धितो रोक्का सिफारिस | ५०० |
| ५ | १४२४३ | मोहि लगत कट्टाको सिफारिस | ५०० |
| ६ | १४२४३ | जन्ममिति प्रमाणित | २०० |
| ७ | १४२४३ | व्यापार व्यवसाय बन्द भएको, संचालन नभएको | १०० |

| | | | |
|---|---|---|---|
| | | वा व्यापार नभएको सिफारिस | |
| ८ | १४२४३ | विवाह प्रमाणित तथा अविवाहित प्रमाणित | १०० |
| ९ | १४२४३ | निशुल्क वा सशुल्क स्वास्थ्य उपचारको सिफारिस | निशुल्क |
| १० | १४२४३ | घरपाताल प्रमाणित | १०० |
| ११ | १४२४३ | व्यक्तिगत विवरण प्रमाणित/ तिनपुस्ते सिफारिस | १०० |
| १२ | १४२४३ | जग्गाधनी दर्ता प्रमाणपुर्जामा घर कायम सिफारिस | १०० |
| १३ | १४२४३ | नामथर, जन्ममिति तथा वतन फरक फरक भएको भए सो एकै हो भन्ने सिफारिस | १०० |
| १४ | १४२४३ | नामथर, जन्ममिति संसोधनको सिफारिस | १०० |
| १५ | १४२४३ | जग्गा धनी दर्ता प्रमाणपुर्जा हराएको सिफारिस | २०० |
| १६ | १४२४३ | कित्ताकाट गर्ने सिफारिस | १०० |
| १७ | १४२४३ | संरक्षक प्रमाणित तथा संस्थागत र व्यक्तिगत संरक्षक सिफारिस | निशुल्क |
| १८ | १४२४३ | जीवित रहेको सिफारिस | १०० |
| १९ | १४२४३ | हकवाला वा हकदार प्रमाणित | १०० |
| २० | १४२४३ | नामसारी सिफारिस | १०० |
| २१ | १४२४३ | नामसारी सिफारिस (सर्जमिन मुचुल्का सहित) | २५० |
| २२ | १४२४३ | जग्गाको हक सम्बन्धमा सिफारिस | २०० |
| २३ | १४२४३ | उद्योग ठाँउसारी सिफारिस | १०० |
| २४ | १४२४३ | अशक्त, असहाय तथा अनाथको पालन पोषणको सिफारिस | निशुल्क |
| २५ | १४२४३ | आर्थिक अवस्था कमजोर सिफारिस | निशुल्क |
| २६ | १४२४३ | आर्थिक अवस्था बलियो सिफारिस | २०० |
| २७ | १४२४३ | धारा तथा विद्युत जडानको सिफारिस | २०० |
| २८ | १४२४३ | धारा तथा विद्युत जडानको सिफारिस (औधोगिक प्रयोजन) | ५०० |
| २९ | १४२४३ | स्थायी बसोबास प्रमाणित दस्तुर | २०० |
| ३० | १४२४३ | चरित्र प्रमाणित दस्तुर | ३०० |
| ३१ | १४२४३ | चारकिल्ला प्रमाणित दस्तुर | २०० |
| ३२ | १४२४३ | घरबाटो प्रमाणित | २०० |
| ३३ | १४२४३ | साना घरेलु उद्योग दर्ता सिफारिस | ५०० |
| ३४ | १४२४३ | मझौला उद्योग दर्ता सिफारिस | १००० |
| ३५ | १४२४३ | ठुला उद्योग दर्ता सिफारिस | ५००० |
| ३६ | १४२४३ | रुख कटान सिफारिस प्रति रुख | १०० |
| ३७ | १४२४३ | पशुपंछी फर्म, कृषि फर्म दर्ता सिफारिस/ विमा प्रयोजन सिफारिस | ५०० |

| | | | |
|---|---|---|---|
| ३८ | १४२४३ | कृषि ऋण सिफारिस | १०० |
| ३९ | १४२४३ | संस्था दर्ता तथा नविकरण सिफारिस | १००० |
| ४० | १४२४३ | निजी वन दर्ता सिफारिस तथा नविकरण | २००० |
| ४१ | १४२४३ | सर्जमिन मुचुल्का शुल्क | २०० |
| ४२ | १४२४३ | मञ्जुरीनामा सिफारिस | १०० |
| ४३ | १४२४३ | अंग्रेजी सिफारिस तथा प्रमाणित | ५०० |
| **घर जग्गा मूल्याङ्कन (विद्यार्थी प्रयोजन)** | | | |
| ४४ | १४२४३ | पच्चीस लाख सम्म रु. | ७५० |
| ४५ | १४२४३ | पचास लाख सम्म रु. | १००० |
| ४६ | १४२४३ | एक करोड सम्म रु. | २५०० |
| ४७ | १४२४३ | एक करोड भन्दा बढी रु. | ५००० |
| **घर जग्गा मूल्याङ्कन विद्यार्थी)बाहेक अन्य प्रयोजन(** | | | |
| ४८ | १४२४३ | पच्चीस लाख सम्म रु. | १००० |
| ४९ | १४२४३ | पचास लाख सम्म रु. | १५०० |
| ५० | १४२४३ | एक करोड सम्म रु. | ४००० |
| ५१ | १४२४३ | एक करोड भन्दा बढी रु. | १०००० |
| **आयस्रोत प्रमाणित (विद्यार्थी प्रयोजन)** | | | |
| ५२ | १४२४३ | पाँच लाख सम्म रु. | २५० |
| ५३ | १४२४३ | बीस लाख सम्म रु. | ७५० |
| ५४ | १४२४३ | पचास लाख सम्म रु. | १५०० |
| ५५ | १४२४३ | एक करोड सम्म रु. | ५००० |
| ५६ | १४२४३ | एक करोड भन्दा बढी रु. | १०००० |
| **आयस्रोत प्रमाणित (विद्यार्थी बाहेक अन्य प्रयोजन)** | | | |
| ५७ | १४२४३ | पाँच लाख सम्म रु. | ५०० |
| ५८ | १४२४३ | बीस लाख सम्म रु. | १५०० |
| ५९ | १४२४३ | पचास लाख सम्म रु. | १०००० |
| ६० | १४२४३ | एक करोड सम्म रु. | १८००० |
| ६१ | १४२४३ | एक करोड भन्दा बढी रु. | २५००० |
| ६२ | १४२४३ | योजना सम्झौता सिफारिस (पालिका भित्रका योजना) | ५०० |
| ६३ | १४२४३ | योजना भुक्तानी सिफारिस (पालिका भित्रका योजना) | ५०० |
| ६४ | १४२४३ | योजना सम्झौता सिफारिस (पालिका बाहिरका योजना) | १००० |
| ६५ | १४२४३ | योजना भुक्तानी सिफारिस (पालिका बाहिरका योजना) | १००० |
| ६६ | १४२४३ | खाता बन्द सिफारिस | १०० |
| ६७ | १४२४३ | जातिय पहिचान र जातिय सिफारिस | १०० |

| | | | |
|---|---|---|---|
| ६८ | १४२४३ | विविध सिफारिस माथि उल्लेख भएका बाहेक | ५०० |
| **व्यक्तिगत घटना दस्तुर १४२४४** | | | |
| १ | १४२४४ | व्यक्तिगत घटना दर्ता ३५ दिन भित्र | निशुल्क |
| २ | १४२४४ | व्यक्तिगत घटना दर्ता ३५ दिन पछि | १०० |
| ३ | १४२४४ | व्यक्तिगत घटना दर्ताको प्रतिलिपी | ३०० |
| **नाता प्रमाणित दस्तुर १४२४५** | | | |
| १ | १४२४५ | जिवितसंगको नाता प्रमाणित दस्तुर | २०० |
| २ | १४२४५ | नाता प्रमाणित दस्तुर (सामाजिक सुरक्षा भत्ता प्रयोजन) | निशुल्क |
| ३ | १४२४५ | मृतक संगको नाता प्रमाणित | ३०० |
| ४ | १४२४५ | मृतक संगको नाता प्रमाणित (सर्जमिन सहित) | ५०० |
| **प्रशासनिक दण्ड जरिवाना र जफत १४३१२** | | | |
| | | | |
| **महाबु अस्पतालको प्रयोगशाला सेवा शुल्क १४२२९** | | | |
| १ | १४२२९ | TOTAL COUNT | 20 |
| २ | १४२२९ | DIFERENTIAL COUNT | 20 |
| ३ | १४२२९ | ESR | 50 |
| ४ | १४२२९ | TOTAL PLATELATES COUNT | 40 |
| ५ | १४२२९ | BT, CT | 50 |
| ६ | १४२२९ | BLOOD GROUPING | 75 |
| ७ | १४२२९ | BLOOD SUGAR | 100 |
| ८ | १४२२९ | SERUM UREA | 100 |
| ९ | १४२२९ | SERUM CREATININE | 150 |
| १० | १४२२९ | LIPID PROFILE | 600 |
| ११ | १४२२९ | BLOOD CHOLESTROL | 150 |
| १२ | १४२२९ | HDL | 50 |
| १३ | १४२२९ | LDL | 150 |
| १४ | १४२२९ | TRIGLYCERIDE | 100 |
| १५ | १४२२९ | SERUM URIC ACID | 200 |
| १६ | १४२२९ | ASO TITRE | 250 |

| | | | |
|---|---|---|---|
| १७ | १४२२९ | CRP | 90 |
| १८ | १४२२९ | VDRL | 180 |
| १९ | १४२२९ | HBSAG | 250 |
| २० | १४२२९ | HCV | 250 |
| २१ | १४२२९ | HIV | FREE |
| २२ | १४२२९ | SPUTUM AFB | FREE |
| २३ | १४२२९ | URINE ALBUMIN | FREE |
| २४ | १४२२९ | CD4 COUNT | FREE |
| २५ | १४२२९ | MP ANTIGEN | FREE |
| २६ | १४२२९ | RK39 | FREE |
| २७ | १४२२९ | MONTOUX TEST | 50 |
| २८ | १४२२९ | SERUM AMYLASE | 250 |
| २९ | १४२२९ | GRAM STAIN | 100 |
| ३० | १४२२९ | STOOL R/E | 60 |
| ३१ | १४२२९ | URINE R/E | 50 |
| ३२ | १४२२९ | NA+ | 150 |
| ३३ | १४२२९ | CBC | 250 |
| ३४ | १४२२९ | HB | 50 |
| ३५ | १४२२९ | K+ | 150 |
| ३६ | १४२२९ | CALCIUM | 150 |
| ३७ | १४२२९ | STOOL OCCULT BLOOD | 50 |
| ३८ | १४२२९ | LFT | 500 |
| ३९ | १४२२९ | S.BILIRUBIN | 100 |

| | | | |
|---|---|---|---|
| ४० | १४२२९ | SGPT | 150 |
| ४१ | १४२२९ | SGOT | 150 |
| ४२ | १४२२९ | AIP | 150 |
| ४३ | १४२२९ | TOTAL PROTEIN | 100 |
| ४४ | १४२२९ | SEERUM ALBUMIN | 100 |
| ४५ | १४२२९ | H.PYLORI | 250 |
| ४६ | १४२२९ | HCG | 60 |
| ४७ | १४२२९ | WIDAL TEST | 100 |
| ४८ | १४२२९ | ADA | 500 |
| ४९ | १४२२९ | RA FACTOR | 90 |
| ५० | १४२२९ | DENGUE | 700 |
| ५१ | १४२२९ | BRUCELLA | 500 |
| ५२ | १४२२९ | LEPTOSPIROSIS | 700 |
| ५३ | १४२२९ | TROPONIN 1 | 300 |
| ५४ | १४२२९ | SEMEN ANALYSIS | 150 |
| ५५ | १४२२९ | URINE KETONE | 50 |
| ५६ | १४२२९ | OPD TICKET | 25 |
| ५७ | १४२२९ | EMERGENCY TICKET | 50 |
| ५८ | १४२२९ | INDOOR BED CHARGE | 100 PER DAY |
| ५९ | १४२२९ | ECG | 250 |
| ६० | १४२२९ | PLAINE X RAY | 350 |
| ६१ | १४२२९ | USG | 500 |
| ६२ | १४२२९ | DRESSING | 50 |

| | | | |
|---|---|---|---|
| ६३ | १४२२९ | SUTURING | 100 |
| ६४ | १४२२९ | NEBULIZATION | 100 |
| ६५ | १४२२९ | O2 SUPPLEMENTATION | 50 PER HOURS |
| ६६ | १४२२९ | CAST / SLAB | 250 |
| ६७ | १४२२९ | INCISION AND DRAINANGE | 100 |

## अनुसूची १४

## दफा १५ को उपदफा १ र दफा १६ को उपदफा ५ संग सम्बन्धित

## जरिवाना तथा छुट (आ व २०८०।०८१)

| क्र.सं. | विवरण | रकम रु. |
|---|---|---|
| १ | **भुमि तथा मालपोत, सम्पत्ति कर, घर कर र व्यवसायिक कर असुल गर्दा तपसिल बमोजिम छुट तथा जरिवाना दिने** | |
| १.१ | आ.व.को पहिलो महिनामा बुझाउन आउने करदाताहरुलाई **१० प्रतिशत** छुट दिइनेछ । | |
| १.३ | गत वर्षको कर तिर्न बाकि रहेका करदाताहरुलाई श्रावण महिना देखि कर तिर्न आएमा १० प्रतिशतले जरिवाना लगाइनेछ । | |
| १.४ | तेस्रो वर्ष कर तिर्न आउनेलाई २० प्रतिशतले थप जरिवाना लगाइनेछ । | |
| १.५ | चौथो आ.व. देखि माथि सम्मको नबुझाएकोलाई ३५ प्रतिशत थप जरिवाना लगाइनेछ । | |
| २ | एउटै पसल भित्र मिल्दाजुल्दा सामानहरु राखि व्यवसाय सञ्चालन गरिरहेका व्यवसायिहरुको करको दर कायम गर्दा पसलमा ठुलो परिमाणमा रहेको सामग्रीलाई आधार मानि एउटै करको दर कायम गरिनेछ तर आधिकारीक डिलर लिई व्यवसाय सञ्चालन गरेको हकमा भने डिलरको आधारमा अलग अलग कर बुझाउनु पर्नेछ । | |
| ३ | पशु चौपाया छाडा छोडेर वा निर्माण सामाग्री सडकमा राखेर सडक अवरोध गरेमा | |
| ३.१ | सडक छेउमा निर्माण सामग्री राखेर वा सडकको नालीमा सामाग्री राखेर तथा पशु चौपाय वाधी सडक अवरोध गरेमा पहिलो पटकलाई | 500 |
| ३.२ | सडक छेउमा निर्माण सामग्री राखेर वा सडकको नालीमा सामाग्री राखेर तथा पशु चौपाय वाधी सडक अवरोध गरेमा दोस्रो पटकलाई | 1000 |
| ३.३ | सडक छेउमा निर्माण सामग्री राखेर वा सडकको नालीमा सामाग्री राखेर तथा पशु चौपाय वाधी सडक अवरोध गरेमा तेस्रो पटक वा सो भन्दा बढी | 1500 |
| ४ | ईजाजत विना कसैले मदिरा जन्य पदार्थ, सूर्तिजन्य मालसामान विक्रि वितरण गरेमा | |
| ४.१ | ईजाजत विना कसैले मदिरा जन्य पदार्थ, सूर्तिजन्य मालसामान विक्रि वितरण गरको पाईएमा पहिलो पटकलाई | 3000 |
| ४.२ | ईजाजत विना कसैले मदिरा जन्य पदार्थ, सूर्तिजन्य मालसामान विक्रि वितरण गरको पाईएमा दोस्रो पटकलाई | 5000 |

| | | |
|---|---|---|
| ४.३ | ईजाजत विना कसैले मदिरा जन्य पदार्थ, सूर्तिजन्य मालसामान विक्रि वितरण गरको पाईएमा तेस्रो पटक वा सो भन्दा बढी | 10000 |
| ५.० | आफ्नो घर,पसल,उद्योग अगाडीको सडक तथा आगन स्वयम् सफा राख्नुपर्नेछ । तोकिएको मापदण्ड विपरीत फोहोर गरेको पाईएमा निम्न बमोजिम जरिवाना लगाईनेछ । | |
| ५.१ | प्रथम पटकलाई | 250 |
| ५.२ | दोस्रो पटकलाई | 500 |
| ५.३ | तेस्रो पटक वा सो भन्दा बढी | 1000 |
| ६.० | गाउँपालिकाको नियम पालना नगरेमा वा गाउँपालिकाको निर्देशन अटेर गरेमा | |
| ६.१ | प्रथम पटकलाई | 500 |
| ६.२ | दोस्रो पटकलाई | 2500 |
| ६.३ | तेस्रो पटक वा सो भन्दा बढी | 5000 |
| ७.० | नदीजन्य पदार्थ उत्खनन तथा ओसार पसार सम्बन्धमा | |
| ७.१ | अनुमति बिना नदीजन्य पदार्थ उत्खनन गर्ने उद्देश्यले घाटमा प्रवेश गरेमा प्रति सवारी साधन | 5000 |
| ७.२ | अनुमति बिना घाटमा प्रवेश गरी नदीजन्य पदार्थ उत्खनन गरेमा प्रति सवारी साधन | 10000 |
| ७.३ | तोकिएको स्थानमा वाहेक अन्यत्रबाट नदीजन्य पदार्थ उत्खनन गरेमा (अनुमति लिएको भए समेत) | 10000 |

नोटः क्र.सं. ३.१ देखि ३.३, ४.१ देखि ४.३, ५.१ देखि ५.३, ६.१ देखि ६.३ र ७.१ देखि ७.३ मा व्यवस्था भएको जरिवाना असुल गर्दा जरिवाना रकमको २५% रकम जरिवाना असुल गर्दा खटिने कर्मचारी तथा सुरक्षा कर्मीलाई दामासाहीले प्रोत्साहन स्वरुप दिईनेछ ।